# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

बालुवाटार, काठमाडौं
फोन:४४१९८०४/५/७
एक्स्टेन्सन: ६१४/६११/६०६
फ्याक्स: ४४४३८७८
E-mail : psdept @nrb.org.np
Web : www.nrb.org.np


पत्र संख्या : भु.प्र.वि/नीति/परिपत्र/३/०७७/७८

मिति:- २०७७/०९/२३

**भुक्तानी सम्बन्धी कार्य गर्ने सम्बन्धित सबै संस्थाहरु ।**

महाशय,

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थालाई जारी गरिएको भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन-२०७७ मा २०७७ माघ १ देखि लागू हुने गरी देहाय बमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

| निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|
| अ.प्रा.निर्देशन नं. १/०७७ को बुंदा नं. १ (ङ) मा संशोधन । | एउटा बैंक तथा वित्तीय संस्थाले जारी गरेका ATM कार्ड स्वदेश भित्रै अर्को बैंक तथा वित्तीय संस्थाको ATM मा प्रयोग गर्दा कार्ड प्रयोगकर्तासँग कुनै शुल्क लिन पाइने छैन । | एउटा बैंक तथा वित्तीय संस्थाले जारी गरेका ATM कार्ड स्वदेश भित्रै अर्को बैंक तथा वित्तीय संस्थाको ATM मा प्रयोग गर्दा मासिक न्यूनतम २ (दुई) वटा कारोबार सम्म निशुल्क गर्न सकिने व्यवस्था मिलाउनु पर्नेछ । २ (दुई) वटा भन्दा बढी कारोबारको हकमा बैंक तथा वित्तीय संस्थाले प्रतिकारोबार बढीमा रु.२०।- सम्म शुल्क लिन सक्नेछन् । |
| अ.प्रा.निर्देशन नं. २/०७७ मा बुँदा नं. (उ) थप । | हाल नभएको । | बैंक तथा वित्तीय संस्थाहरुले सम्बन्धित ग्राहकको पूर्व अनुमति लिएर र सेवा शुल्क बारे पूर्व जानकारी गराएर मात्र Internet Banking, Mobile Banking, SMS Banking जस्ता विद्युतीय बैंकिङ सेवा वापतको शुल्क लिन सक्नेछन् । |
| अ.प्रा.निर्देशन नं. २/०७७ मा बुँदा नं. (ऊ) थप । | हाल नभएको । | बैंक तथा वित्तीय संस्थाहरुले विद्युतीय कारोबारको सुरक्षाको पर्याप्त प्रबन्ध मिलाई ग्राहकहरुलाई Mobile/ Internet/ SMS Banking Service को आफ्नो Username र Password हराएमा/बिर्सिएमा आफैं प्राप्त (Retrieve) गरी सेवा पुन: सुचारु गर्न सक्ने व्यवस्था गर्नु पर्नेछ । |

भवदीय,

(भुवन कडेल)
कार्यकारी निर्देशक

# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

बालुवाटार, काठमाडौं
फोनः४४१९८०४/५/७
एक्स्टेन्सनः ६१४/६११/६०६
फ्याक्सः ४४४३८७८
E-mail : psdept @nrb.org.np
Web : www.nrb.org.np


**बोधार्थः**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
१०. श्री नेपाल बैंकर्स संघ, काठमाडौं ।
११. श्री नेपाल डेभलपमेन्ट बैंकर्स संघ, काठमाडौं ।
१२. श्री नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।
१३. श्री भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायक संस्थाहरु ।